भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्ष : ०८१।०८२

सूचना नं.: ८९

### तहवृद्धि/तह मिलानको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

**(सूचना प्रकाशित मिति: २०८१/१२/२७ गते)**

लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ को **दफा ७** बमोजिम तहमिलान र सोही ऐनको **दफा ३१** बमोजिम तहवृद्धिका लागि तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तह वृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम-४८ अनुसार सोही नियमावलीको अनुसूचि-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजातसहित आवेदन पेश गर्नहुनु यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

**क) दफा ७को हकमा**

१. सक्कल निवेदन,
२. हालको पदमा नियुक्ती पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यवधिक वैयक्तिक विवरणको प्रतिलिपि,

**ख) दफा ३१ को हकमा**

१.सक्कल निवेदन,
२.हालको पदमा नियुक्ती पत्रको प्रमाणित प्रतिलिपि,
३.नपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४.अद्यवधिक वैयक्तिक विवरणको प्रतिलिपि,
५. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
६. .सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
७. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

२०८१/१२/२६

(उपेन्द्र यादव)
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत